


त्रैमासिक पत्रिका छाल वर्ष – २ अङ्क – ४ बैशाख

# सम्पादकीय

## सबैको लागि मर्यादित श्रम-स्थानीय तहको लक्ष्य हुन किन जरूरी छ?

हरेक व्यक्तिले मर्यादित श्रम गर्नसक्ने वातावरण नहुञ्जेलसम्म उसको परिवार, समाज र राष्ट्र समृद्ध हुनसक्दैन । समृद्ध राष्ट्र निर्माण गर्ने हो भने स्थानीयस्तरको समृद्धि र न्यायोचित विकासका लागि पालिकाभित्रका सबै नागरिकहरूले मर्यादित श्रम गर्नसक्ने वातावरण प्राप्त गर्नुपर्दछ ।

मर्यादित श्रम भनेको यस्तो अवधारणा हो, जसले श्रमजीवी र उसको परिवारलाई जीवन जिउन पुग्ने राम्रो आम्दानी, चाहाना र आवश्यकतालाई सम्बोधन गर्नसक्ने वातावरणको सुनिश्चितता गर्दछ । प्रत्येक श्रमजीवीले जीवन धान्न पुग्ने आम्दानी, सुरक्षित आम्दानी, स्वास्थ्य सेवालगायतका जीवनमा आउन सक्ने आकस्मिक अप्ठ्यारालाई सम्बोधन गर्नसक्ने आर्थिक व्यवस्था, बृद्ध अवस्थाका लागि केही बचत, बिमा वा पेन्सनको व्यवस्था, कामपछि परिवारसँग बस्ने समय, स्वास्थ्य सुरक्षा, काममा न्यायोचित व्यवहार, काममा सम्मान, आत्मसम्मान र स्वाभिमान पाउनु पर्दछ ।

मर्यादित श्रम हुन नसक्ने अवस्था भनेको उक्त स्थानको सामाजिक तथा आर्थिक नीतिहरु कमजोर छन् भन्ने सूचक हो । यस्ता कमजोर नीतिहरूले त्यहाँको बजार र आर्थिक अवस्थालाई प्रभाव पारेका हुन्छन् र नागरिकको जीवन प्रभावित भएको हुन्छ ।

देशमा राजनीतिक रूपान्तरण भएको छ । राजनीतिक रूपान्तरणसँगै सामाजिक तथा आर्थिक रूपान्तरणको मान्यता बोकेर सरकारले "समृद्ध नेपाल:सुखी नेपाली"को मुल नारा अघि सारेको छ । तर यो नारालाई सार्थक बनाउन सुशासन र सामाजिक न्याय अनिवार्य शर्त हो । यी अनिवार्य शर्त पूरा गर्नसक्ने आधार स्थानीय सरकारसँग छ । स्थानीय सरकार जनजीवनसँग प्रत्यक्ष रूपमा जोडिएको हुँदा उसले कस्तो नीति लिन्छ? कस्तो कार्यक्रम तय गर्छ? भन्ने कुराले समुदाय/समाज सामाजिक तथा आर्थिक रूपले रूपान्तरित हुने बाटोमा छ कि छैन भन्ने मूल्याङ्कन गर्ने आधार बन्दछ । मर्यादित श्रमको सोचले यसमा अन्तर्निहित तत्वहरूले विभेदकारी सामाजिक संरचनालाई परिवर्तन गर्नुपर्ने

आवश्यकताका साथै उत्पादनको साधन (विशेषत: श्रम) मा उत्पादनकर्ता (श्रमिक)कै नियन्त्रण हुनसक्ने वातावरण, सामाजिक सुरक्षाको व्यवस्था गर्नुपर्नेजस्ता सामाजिक तथा आर्थिक रूपान्तरणका आधारभूत शर्तहरू अगाडि सार्दछ। त्यसैले स्थानीय सरकारले सबैका लागि मर्यादित श्रमको मान्यता बोकी त्यसका लागि आवश्यक नीतिगत व्यवस्था गर्दै सोहीअनुसार रोजगारीको व्यवस्था गर्नसक्दा स्थानीय सरकारको दिगो समृद्धिको आधार बन्नसक्छ। अत: देशले खोजेको रूपान्तरणको आधार तयार हुनसक्छ।

सबैकुरा एकैपटक हुन्छ भन्ने छैन तर उचित प्रकारका रूपान्तरणमुखी कार्यक्रमहरू सुरू गरियो भने त्यसको प्रतिफलले आम नागरिकलाई आकर्षित गर्दछ र उनीहरूको जीवनस्तर सुधार हुन्छ अनि आमूल परिवर्तनका लागि जनताको साथ पाउन सकिन्छ। मर्यादित श्रमभित्र रहेका चार मुख्य स्तम्भहरूलाई (रोजगारी, सामाजिक सुरक्षा, सामाजिक संवाद र कामको क्षेत्रमा आधारभूत मानव अधिकार सुनिश्चितता) रणनीतिक रूपले बुझियो, उनीहरूको अन्तरसम्बन्ध तिनबाट उत्पन्न परिणामकोबारेमा रणनीतिक रूपले आत्मसाथ गरियो भने कुनै पनि पालिकामा मर्यादित कामका लागि वातावरण निर्माण हुनसक्छ। अनि बल्ल साचो अर्थमा सामाजिक तथा आर्थिक रूपान्तरण हुँदै "समृद्ध नेपाल:सुखी नेपाली" बन्ने/बनाउने सपना पूरा हुनसक्छ। यसर्थ, सबैका लागि मर्यादित श्रम-स्थानीय तहको लक्ष्य हुन जरूरी छ।

## मेरो श्रम पनि श्रम हो



खैतुन खातुनको जन्म आजभन्दा ४२ वर्ष अगाडि महोत्तरी जिल्लाको सम्सी गाउँपालिका वडा नम्बर-२ को रामनगरमा भएको थियो। उनका ७ जना दिदीबहिनी र ६ जना दाजुभाइ छन्। उनी दिदीबहिनीमध्ये काइँली सन्तान हुन्। १४ वर्षको कलिलो उमेरमै उनको विवाह आफूभन्दा १३ वर्ष जेठो व्यक्तिसँग भयो। श्रीमान्ले पहिले नै विवाह गरेका रहेछन्। पहिलो श्रीमतीबाट ४ जना सन्तानसमेत भएका उनले पुन: खैतुन खातुनसँग मागी विवाह गरे। पहिलो श्रीमती र बच्चाहरूलाई अलपत्र पारेर खैतुन खातुनका श्रीमान् बेपत्ता भएका थिए। तर जब खैतुन खातुनसँग विवाह गरे, उनकी जेठी श्रीमतीले थाहा पाइन् र बहुविवाहको मुद्दा लगाइन्। बहुविवाहको मुद्दामा खैतुन खातुनलाईसमेत हिरासत लगियो र थुनामा राखियो। दुई दिनपछि धरौटीमा छुटिन्। खैतुन खातुनले आफूसँग भएको सम्पत्ति हिरासतबाट छुट्न धरौटी तिर्नुपरेकाले उनीसँग अब बाँकी जीवन गुजारा गर्न आर्थिक स्रोत रहेन। अबको बाँकी जीवन मुस्किल हुनसक्ने सम्भावना देखेर जीवन गुजार्न मात्रै भए तापनि काठमाडौं जानुपर्छ भन्ने लाग्यो खैतुनलाई। त्यसपछि खैतुन र उनका श्रीमान् काठमाडौं आए।

काठमाडौं आएपछि खैतुन खातुनका एक छोरा र एक छोरी भए। उनीहरूको लालनपालन र हुर्काइका लागि श्रीमान्को कमाइले मात्रै नपुग्ने भएपछि उनले घरेलु श्रमिकका रूपमा काम गर्न थालिन्। तर घरेलु श्रमिकको रूपमा काम गर्छु भनेर उनले श्रीमान्लाई

भन्न सकिनन् । लुकेर घरबाट काम गर्न जान थालिन्। बिस्तारै उनको आम्दानीले जीविकोपार्जन गर्न सजिलो बन्दै गयो । तर विडम्बना खैतुनका श्रीमान् बिरामी परे । हातखुट्टा चल्न छोड्यो । जति औषधि उपचार गर्दा पनि निको नै भएन । नशा समबन्धी रोगले थलिएको केही समयपछि उनको श्रीमान्को निधन भयो ।

अहिले १० वर्ष भयो उनको श्रीमान्ले यो संसार छोडेर गएको । छोराछोरी पनि सानै छन् । एक्लैको कमाइले परिवार पाल्न मुस्किल भइरहेको बताउने खैतुन खातुन अहिले भने पाँचवटा घरमा काम गर्छिन् । भाँडा माझ्ने, लुगा धुने, तेल लगाउने, मसाज गर्ने र सरसफाइका काम गर्ने खैतुन खातुनलाई बेलाबेलामा स्वास्थ्य समस्या आएर गाऱ्हो हुन्छ । उनले काम गर्ने ठाउँ (कार्यस्थलमा) खास सुरक्षित छैन भन्ने उनलाई महसुस हुन्छ । उनी भन्छिन्-"रोजगारदाताले कुनै पनि लिखित कागजात/सम्झौता पत्र दिएको छैन । बिमा पनि छैन । परिचय पत्र पनि छैन । महिला भएको कारणले गर्दा हामीलाई हेर्ने दृष्टिकोण त फरक छ नै अझ घरेलु श्रमिकलाई झनै फरक तरिकाले हेरिन्छ । श्रम ऐनअनुसार १७ हजार ३ सय तलब हो भन्ने थाहा छ तर यति धेरै पैसा कसैले दिदैन ।"

बुढानीलकण्ठमा गठन गरिएको घरेलु श्रमजीवी महिला सञ्जालको अध्यक्ष रहेकी खैतुन खातुन अहिले भने घरेलु श्रमिकहरूको हकहित र अधिकारका लागि आवाज उठाउने पनि गर्छिन् । आफू एक्लैले मात्र आवाज उठाउँदा सुनुवाइ हुँदैन, त्यसैले संस्था (तरङ्गिणी फाउण्डेस) ले पनि हरपल हामीलाई साथ दियोस् भन्ने अपेक्षा बोकेकी उनी आफ्नो कामसँगै श्रमजीवीहरूको अधिकारको काम गर्दा एकदमै खुशी भएको बताउँछिन् ।

## साहित्यिक स्तम्भ




स्वर्गसरी छ संसार यो माया ममता हुँदा
बोल्दैनन् कोही कसै यहाँ, पीर परि मन रुदाँ
आफन्तहरु सबै टाढा छन्, खाली छ गोजी रित्तीयो
बाच्नु छ सन्तानका लागि, यो कस्तो परिस्थिति हो ।

सँगै बाच्ने र सँगै मर्ने, बाचा गरेको थियो
नजिक आउँदा डर लाग्छ, के मेरो गल्ती थियो
उहीसँग लुकी-लुकी भेट्दा, कति खुशी भाकोथ्यो
अहिले किन होला चटक्क टिपी मलाई फ्याकी दियो

निलो डाम र दुखेको शरिर, खै कता जाने हो?
छैन कसैको साथ अहिले, कता के खाने हो?
लालाबाला छन् मसिना साथमा, भोक लाग्यो भन्न थाले
आफ्नो जीवन अन्धकार छ, घर-घरमा दियो बालें ।

भोको पेट कसेर पटुकी, आँखामा आँसु भरी
यी बालबच्चा स्याहारी, बाचौँला कसोगरी
मायाको आशाले जवानी, सारा उसैलाइ दिएँ
उसैको यातना पाएर अहिले, म सडकमा भएँ ।

मेरो अधिकार कता गयो, कता गयो त्यो कानुन
रित्तो छ सबै कुराले अहिले, मानुन् वा नमानुन्
लिङ्गकै आधारमा गरियो विभेद निकालियो घरबाट
बालबच्चा मेरो भागमा परे, बास भयो मेरो घाटमा ।

# सङ्घर्षको कथा



मेरो नाम सरस्वती (परिवर्तित नाम) हो। मेरो घर बनेपा वार्ड नम्बर -४ नाला, काभ्रेमा पर्छ। म दलित समुदायबाट प्रतिनिधित्त्व गर्छु। मेरो घरको आर्थिक स्थिति खासै राम्रो अहिले पनि छैन र पहिले पनि थिएन। दुख गरी पढियो, पढाइ राम्रो थियो। नेपालमा गैरसरकारी संस्थामा सामाजिक परिचालकका रूपमा काम गरें। परियोजना सकिएपछि फेरि बेरोजगार भएँ। नेपालमा काम गर्दा पनि खासै सन्तोषजनक आम्दानी नभएको र भविष्य सुरक्षित थिएन। म ६ वर्षकी हुँदा मेरो बुबाको निधन भएको थियो। परिवारमा हामी चारजना छोरीहरू छौं। दाजुभाइ र बुबा हुनुहुन्नथियो। आफूभन्दा ठुली दिदीको विवाह भएपछि भने परिवार पाल्ने जिम्मेवारी ममाथि नै थियो। भविष्य सुरक्षित नदेखेकोले मैले विदेशलाई राम्रो आम्दानीको श्रोत हुनसक्ने विकल्पको रूपमा रोजें। म सँगै पढ्ने साथीहरू पनि विदेश गएर कमाएको देखेपछि भने मलाई पनि विदेश जान मन लाग्यो।

म दुवईमा (युएइ) ५ वर्ष बसें। हाइड्रो मार्केट कम्पनीमा क्यासिएरको रूपमा काम गरें। आम्दानी पनि राम्रो थियो। समयमै तलब दिने गर्थ्यो कम्पनीले। तर, बिरामी बिदा भने थिएन। काम गर्नै पर्ने बाध्यता थियो। म एकदिन सान्है बिरामी परें। म्यानेजरलाई आज म काममा आउन सक्दिनँ, बिदा मिलाइ दिनुस् भनी बिदाको लागि इमेल गरें। तर, बिदा स्विकृत भएन। बिरामी हुँदा पनि ड्युटीमा जानु पर्ने र काममा खट्नु परेकाले म झनै बिरामी भएँ, एक हप्तासम्म पनि सन्चो भएन, मैले काम गर्नै सकिनँ। त्यसपछि म नेपाल फर्कें।

नेपाल फर्किएपछि घर, परिवार र आफन्तले राम्रो व्यवहार गर्नु भयो। म विदेश जाँदा पनि परिवारको अनुमती मै गएकी थिएँ। त्यसैले आफन्तबाट नराम्रो व्यवहार भएन। बरू परिवारको राम्रो हेरचाह गर्ने छोरीको रूपमा मलाई व्यवहार गर्नुभयो।

विदेशमा फ्रन्टलाइनमा काम गर्नु पर्ने। राम्री देखिनुपर्छ भन्ने बाध्यता थियो। नेपाल र दुवईको हावापानी जुधेर मेरो अनुहारमा कालो पोतो आएको थियो। पोतो हटाउनका लागि विभिन्न औषधिहरू प्रयोग गर्नुपर्थ्यो। त्यसप्रकारको औषधिले छाला जाने रहेछ। औषधिको कारण मेरो छाला कलिलो भएको थियो। नेपाल आएपछि त्यस छालामा घाम पर्दा मेरो अनुहार झनै बिग्रियो। मेरो अनुहारको छाला र पोतो देखेर समुदायका व्यक्तिहरूले (छिमेकी) "यसले त विदेशमा बच्चा फालेर आइछे, यसको अनुहार सुत्केरी महिलाको जस्तै बिग्रिएको छ, यसलाई कसले विवाह गर्छ, विदेशमा बिग्रेर आएकी केटीलाई भनेर भन्थे।"

मेरो विवाह हुनुभन्दा अगिसम्म यस्ता लाञ्छना लगाइरहे। यसले खासै असर त परेन, तर बारम्बार यस्ता असत्यकुरा दोहोऱ्याइरहँदा भने मन दुख्दो रहेछ। तनाव नलिउँ भन्दा नि मानसिक तनाव हुने रहेछ।

वैदेशिक रोजगारबाट फर्केर आएपछि बेरोजगार भएँ। योग्यता राम्रै भएको कारण जागिरको लागि धेरै ठाउँमा निवेदन दिएँ। मेरो प्रमाणपत्र हेरेपछि, "हामी तपाईँलाई जागिर (काम) दिन सक्दैनौं, तपाईको प्रमाणपत्र राम्रो छ, विदेशमा तपाईंको तलब धैरै रहेछ, यहाँ हामीले यति धेरै तलब दिन सक्दैनौं" भनेर रोजगारदाताहरूले भन्ने गर्नु हुन्छ। मैले विदेशको जति तलब आशा गरेको छैन भन्दा पनि जागिरमा राख्न चाहँदैनन्।

अहिले म वैदेशिक रोजगारबाट फर्केर आएका महिलाहरूको समूह  श्रमजीवी महिला सञ्जालमा आबद्ध छु। यस सञ्जालमार्फत **स्थानीय तहसँग परिचयात्मक कार्यक्रम** अन्तर्गत अन्तरक्रिया गर्छौं र विदेशबाट फर्केर आएका महिलाहरूको **समस्या र अनुभव** स्थानीय सरकारलाई सुनाउने गर्छौं। यो छलफल (कार्यक्रम) ले मलाई स्थानीय तहमा घुलमिल हुन सजिलो भएको छ। यो कार्यक्रममार्फत हामी वैदेशिक रोजगारबाट फर्केका महिलाहरू कुन वडामा कति छौं र हाम्रो अवस्था के छ भन्नेबारेमा स्थानीय वडाहरूका जनप्रतिनिधिहरूलाई थाहा छ र तालिम, रोजगार जस्ता अवसर आए भने हामीलाई पनि समावेश गर्ने प्रयास गर्नुहुन्छ। अहिले मैले **प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिन** को लागि काम पाएकी छु र अहिले यही काम गर्दै छु।

नकारात्मक मनोवृति वा लाञ्छनाहरूलाई परिवर्तन गर्न त सबैभन्दा पहिले लाञ्छना लाउनेहरूको कुरामा ध्यान दिनुहुन्छ। त्यस्ता नचाहिने कुरा सुनेर अनावश्यक तनाव लिनुहुन्न। अर्को कुरा आफ्नो अगाडि लाञ्छना लगाए भने जवाफ पनि दिनु सक्नुपर्छ।

हामी वैदेशिक रोजगारबाट फर्केर आएका महिलाहरू सबैले अकुत धन कमाएका हुँदैनौं। हामीहरूलाई पनि नेपाल आएपछि फेरि समस्या हुन्छ। यस्तो कुराहरू बुझेर नेपाल सरकारले हामीलाई पनि समेट्ने गरी रोजगार नीति, स्वरोजगार बन्न चाहनेलाई सहुलियत दरमा बिना धितो ऋण दिने व्यवस्थासहितको समावेशी नीति ल्याउन सकोस् र लक्षित वर्गमा पुग्ने गरी समतामूलक वितरण गर्दै प्रभावकारी कार्यान्वयन गरोस्।

## जानकारी स्तम्भ

## नेपालको संविधान तथा कानुनमा भएका श्रमसम्बन्धी व्यवस्था




धारा ८. समानताको हक:

उपधारा (३) राज्यले नागरिकहरूकाबीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन।

उपधारा (४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन।

धारा ३३. रोजगारीको हक:

उपधारा (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुन बमोजिम हुनेछ।

उपधारा (२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ।

धारा ३४. श्रमको हक:

उपधारा (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ।

स्पष्टीकरण: यस धाराको प्रयोजनका लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर सम्झनु पर्छ।

उपधारा (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ।

उपधारा (३) प्रत्येक श्रमिकलाई कानुन बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।